... . बीमा कम्पनी लिमिटेड

वन्यजन्तु जोखिम केन्द्रित बीमालेख

बीमितले बीमा वापत लाग्ने पूरा बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले पेश गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन, २०७९ को अधिनमा रही बीमक श्री.....ले यो बीमालेख जारी गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. **बीमालेखको नाम र प्रारम्भः** (१) यस बीमालेखको नाम "**वन्यजन्तु जोखिम केन्द्रित बीमालेख" रहेको छ।**
(२) यो बीमालेख बीमित वा बीमालेख धारकले बीमाशुल्क भुक्तानी गरे पश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,
(क) "अस्थायी पूर्ण अशक्तता" भन्नाले वन्यजन्तुको आक्रमणबाट बीमितले आय आर्जन गर्ने कुनै पनि पेशा वा व्यवसाय गर्न कम्तीमा १८३ दिन सम्मको लागि पूर्ण रूपले असमर्थ भएको अवस्था सम्झनुपर्छ।
(ख) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनुपर्छ।
(ग) "गम्भीर घाइते" भन्नाले शरीर अङ्गभङ्ग भै अशक्त हुने गरी भएको घाइते सम्झनु पर्छ।
(घ) "दुर्घटना" भन्नाले वन्यजन्तुको आक्रमणबाट बाहिरी आँखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्यासित घटना सम्झनुपर्छ।
(ङ) "नियमावली" भन्नाले बीमा नियमावली,२०८१ सम्झनुपर्छ।
(च) "प्राधिकरण" भन्नाले बीमा ऐन,२०७९ को दफा ३ बमोजिमको नेपाल बीमा प्राधिकरण सम्झनुपर्छ।
(छ) "बीमक" भन्नाले बीमा ऐन,२०७९ बमोजिम इजाजतपत्र प्राप्त निर्जीवन बीमा व्यवसाय गर्ने बीमक सम्झनुपर्छ। सो शब्दले लघु निर्जीवन बीमक समेतलाई जनाउँछ।
(ज) "वन्यजन्तु" भन्नाले **अनुसूची-१** मा उल्लेख भएका जनावर सम्झनुपर्छ।
(झ) "सामान्य घाइते" भन्नाले शरीर अङ्गभङ्ग हुने बाहेक उपचार गर्नुपर्ने अन्य अवस्थाको घाइते सम्झनुपर्छ।
(ञ) "स्थायी पूर्ण अशक्तता" भन्नाले वन्यजन्तुको आक्रमणबाट बीमितले आय आर्जन गर्ने कुनै पनि पेशा वा व्यवसाय गर्न सधैका लागि असमर्थ भएको अवस्था सम्झनुपर्छ।

परिच्छेद-२

बीमालेख सम्बन्धी व्यवस्था

३. **बीमा करार:** (१) बीमकले यस निर्देशन बमोजिम जारी गरेको बीमालेख बीमक तथा बीमित बीचको द्विपक्षीय करार हुनेछ।

(२) बीमालेखमा उल्लेख भएका शर्त तथा व्यवस्थाहरु बीमक तथा बीमित दुबैले पालना गर्नु पर्नेछ।

४. **बीमालेख जारी गर्नुपर्ने** (१) बीमकले बीमितबाट **अनुसूची-२** बमोजिमको पूर्णरूपमा भरिएको प्रस्ताव फाराम प्राप्त गरेपछि बीमालेख जारी गर्नु पर्नेछ।

(२) बीमकले उपदफा (१) बमोजिमको बीमालेख मुद्रित वा विद्युतीय रुपमा जारी गर्नु पर्नेछ।

(३) बीमालेख जारी भएको मिति र समयबाट जोखिमको रक्षावरण प्रारम्भ भएको मानिने छ।

परिच्छेद-३

रक्षावरण सम्बन्धी व्यवस्था

५. **रक्षावरण र बीमाशुल्क (१)** यस बीमालेखले अनुसूची-१ मा उल्लेखित बन्यजन्तुको कारणबाट भएको क्षति रक्षावरण गर्नेछ।

(२) यस बीमालेखले रक्षावरण गर्ने विषय सोको अधिकतम बीमाङ्क रकम र बीमाशुल्क देहाय बमोजिम हुनेछः-

<table>
<tr><th colspan="2">बीमाले रक्षावरण गर्ने विषय तथा बीमाङ्क रकम</th><th>बीमाशुल्क रकम</th></tr>
<tr><td colspan="2">क. दुर्घटना खर्च (रु.१० लाख सम्म)
(१) व्यक्तिगत दुर्घटना मृत्यु (रु.१० लाख)
(२) पूर्ण अशक्तता भएमा (रु.१० लाख)
(३) अस्थायी पूर्ण अशक्तता भएमा (रु. ५ लाख)
(४) औषधी उपचार खर्च
(क) गम्भीर घाइते (अधिकतम १ लाख सम्म)
(ख) सामान्य घाइते (अधिकतम २० हजार सम्म)</td><td rowspan="4">बीमाशुल्क १,५००/-(पन्ध्र सय) रुपैँयाँ हुनेछ।</td></tr>
<tr><td>ख.</td><td>घर तथा भौतिक संरचना (रु ५ लाख सम्म)</td></tr>
<tr><td>ग.</td><td>पशुधन (रु. १ लाख सम्म)</td></tr>
<tr><td>घ.</td><td>कृषि बाली (रु.५० हजार सम्म)</td></tr>
</table>

नोट: दुर्घटना खर्च सुविधा बीमित परिवारका सदस्यलाई अधिकतम प्रति व्यक्ति दाबी रु. १० लाखसम्मको दरले बीमाङ्कको सीमा कुल अधिकतम रु. २० लाखसम्मको रक्षावरण हुनेछ। साथै, बीमितले दुर्घटना खर्च सुविधाको क्रम संख्या (३) र (४) बमोजिमको अवस्था सिर्जना भई उल्लेखित क्षतिपूर्ति रकम प्राप्त गरेको अवस्थामा बीमितको मृत्यु भएमा भुक्तानी गरिएको रकम कट्टा गरी दुर्घटना खर्च वापतको बाँकी रकम बीमकले भुक्तानी गर्नुपर्नेछ।

६. बीमालेखका सामान्य शर्तहरु

(क) यो बीमालेख एकीकृत बीमालेख हुनेछ र बीमालेखको अवधि एक वर्षको हुनेछ ।

(ख) यस बीमालेख बमोजिम वन्यजन्तुको आक्रमणबाट भएको क्षति बाहेक अन्य क्षति रक्षावरण गरिने छैन ।

(ग) बीमालेखले रक्षावरण गरिएको जोखिममध्ये बीमा अवधिभित्र सबै जोखिम एकै साथ नभएको अवस्थामा समेत बीमालेखको अवधिभर यो बीमालेख जारी रहनेछ ।

(घ) कृषि प्रयोजनको लागि पालन गरिएका पशुधनको मात्र यस बीमालेखले रक्षावरण गरिनेछ ।

(ङ) प्रचलित कानूनले निषेधित गरेका बालीको यस बीमालेखले रक्षावरण गर्ने छैन ।

(च) प्रचलित कानूनले निषेधित गरेको क्षेत्रमा बीमित कुनै क्रियाकलापमा संलग्न भएको र सो स्थानमा दुर्घटना भई क्षति भएको अवस्थामा यस बीमालेखले रक्षावरण गर्नेछैन् ।

(छ) घर तथा भौतिक संरचनामा थपघट वा स्वामित्व परिवर्तन भएमा बीमितले बीमकलाई सो को जानकारी दिनु पर्नेछ र बीमकले उक्त बीमालेख नयाँ धनीको नाममा निशुल्क नामसारी गरिदिनु पर्नेछ ।

(ज) पशुधन थपघट वा स्वामित्व परिवर्तन भएमा सोको विवरण बीमकलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

(झ) बीमित स्थायी/अस्थायी पूर्ण अशक्त भएको कुरा मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित हुनु पर्नेछ ।

(ञ) बीमितले पालन गरेका पशुधन मध्ये तीन महिना भन्दा कम उमेरको पशुधनको वन्यजन्तुबाट आक्रमण भई क्षति भएमा यस बीमालेखले रक्षावरण गर्ने छैन ।

(ट) यस बीमालेखले बीमालेखको अवधिभित्र बीमितले लगाएको कृषिबालीहरुको बीमाङ्क रकमको सीमासम्म रक्षावरण गर्नेछ ।

(ठ) बीमितले क्षतिको विवरण सुरक्षितसाथ राख्नुपर्छ । साथै सर्जमिन मुचुल्का तयार भए पश्चात मात्र क्षतिको विवरण क्षति भएको स्थानबाट हटाउन सक्नेछ ।

(ड) बीमितबाट बीमालेख हराएको अवस्थामा समेत बीमकले दाबी भुक्तानीमा सहजीकरण गर्नु पर्दछ ।

(ढ) दुर्घटनाको कारण बीमित व्यक्ति वा परिवारका सदस्यको मृत्यु भएको अवस्थामा बीमाङ्क रकमको सीमा भित्र रहने गरी बीमकले घटना भएको सात दिन भित्र शव व्यवस्थापन तथा काजक्रिया खर्च वापत पचास हजार रुपैयाँ भुक्तानी दिनु पर्नेछ ।

(ण) बीमकले मानव मृत्यु दाबी भुक्तानी बाहेक अन्य दाबीमा पाँच प्रतिशत रकम कट्टा गरी दाबी भुक्तानी गर्नु पर्नेछ ।

(त) वन्यजन्तुको आक्रमणबाट बीमितले बसोवास गर्ने प्रयोजनका लागि तयार गरिएका पक्की, कच्ची, फुस, टिन वा माटोको घर तथा सोको परिसरभित्र रहेका गोठ, भान्साघर, शौचालय, पर्खाल जस्ता संरचनाहरूमा क्षति भएमा अधिकतम बीमाङ्कसम्म रक्षावरण हुनेछ ।

परिच्छेद-४

दाबी सम्बन्धी व्यवस्था

७. **जानकारी गराउनु पर्ने:** वन्यजन्तुको आक्रमणबाट दुर्घटना वा क्षति भएमा बीमितले बीमकलाई क्षति भएको समयले ४८ घण्टाभित्र जानकारी गराउनु पर्नेछ।

८. **दाबीको लागि आवश्यक कागजात:** (१) दफा ५ को उपदफा (२) को खण्ड (क,१) बमोजिमको मृत्यु दाबी भुक्तानी प्रयोजनको लागि बीमकलाई देहाय बमोजिमका कागजात उपलब्ध गराउनु पर्नेछः-

(क) दाबी फाराम,
(ख) मृत्युदर्ता प्रमाणपत्र,
(ग) नाता प्रमाणित प्रमाणपत्र,
(घ) वन्यजन्तुको आक्रमणबाट मृत्यु भएको विवरण खुल्ने प्रहरी प्रतिवेदन।

(२) दफा ५ को उपदफा (२) को खण्ड (क) (२) र (३) बमोजिमको अशक्तताको दाबी भुक्तानी प्रयोजनको लागि बीमकलाई देहाय बमोजिमका कागजात उपलब्ध गराउनु पर्नेछः-

(क) दाबी फाराम,
(ख) मान्यता प्राप्त चिकित्सकबाट स्थायी वा अस्थायी पुर्ण अशक्तता भएको भनी प्रमाणित गरेको कागजात,
(ग) स्थानीय तहबाट वन्यजन्तुको आक्रमणबाट अशक्तता भएको भनी प्रमाणित गरेको कागजात।

(३) दफा ५ को उपदफा (२) को खण्ड (क) (४) बमोजिमको औषधी उपचारको दाबी भुक्तानी प्रयोजनको लागि बीमकलाई देहाय बमोजिमका कागजात उपलब्ध गराउनु पर्नेछः-

(क) दाबी फाराम,
(ख) वन्यजन्तुको आक्रमणबाट दुर्घटना भएको खुल्ने प्रहरी प्रतिवेदन वा स्थानीय तहको सिफारिस पत्र,
(ग) अस्पताल वा स्वास्थ्य संस्थामा औषधी उपचार गरेको प्रमाण, सक्कल बिल, मेडिकल रिपोर्ट लगायतका कागजात।

(४) दफा ५ को उपदफा (२) (ख) बमोजिमको घर तथा भौतिक संरचनाको क्षति भएकोमा बीमितले दाबी भुक्तानी प्रयोजनको लागि बीमकलाई देहाय बमोजिमका कागजात उपलब्ध गराउनु पर्नेछः-

(क) दाबी फाराम,
(ख) सर्जमिन मुचुल्का, (मुचुल्कामा कम्तीमा पाँचजना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर)
(ग) दुर्घटना सम्बन्धी प्रहरी प्रतिवेदन,
(घ) सम्पत्तिको क्षति भएको स्पष्ट देखिने फोटो,

(ङ) स्थानीय तहको सम्बन्धित प्राविधिकको मूल्याङ्कन सहितको सिफारिस पत्र।

(५) दफा ५ को उपदफा (२) (ग) र (घ) बमोजिमको कृषिबाली वा पशुधन दाबी भुक्तानी प्रयोजनको लागि बीमकलाई देहाय बमोजिमका कागजात उपलब्ध गराउनु पर्नेछः-

(क) दाबी फाराम,

(ख) सर्जमिन मुचुल्का, (मुचुल्कामा कम्तीमा पाँचजना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने)

(ग) कृषिबाली वा पशुधन क्षति भएको स्पष्ट देखिने फोटो,

(घ) स्थानीय तहको सम्बन्धित प्राविधिकको मूल्याङ्कन सहितको सिफारिस पत्र।

दफा ५ को उपदफा (२) (ग) र (घ) बमोजिम मुल्याङ्कन गर्दा प्राविधिकले नेपाल सरकार, प्रदेश सरकार, जिल्ला वा स्थानीय तहको दररेट तथा प्रचलित बजार मुल्यलाई आधार मानी गर्नु पर्नेछ र सो विषय सिफारिस पत्रमा उल्लेख गर्नु पर्नेछ।

९. दाबी फछर्यौट: (१) बीमकले दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि तत्काल दावी प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमकले सम्पूर्ण कागजात प्राप्त गरेको सात दिनभित्र दाबी भुक्तानी गर्नुपर्नेछ।

बीमालेखको तालिका

बीमकको कोडः	बीमालेख नम्बर : .....
बीमालेख जारी भएको शाखाको कोडः	बीमा प्रारम्भ मिति र समयः ..... बीमा समाप्ति मितिः .....
बीमा अभिकर्ताको नामः ..... इजाजतपत्र नम्बरः	बीमाशुल्क रसिदको नम्बर/ मिति र समयः .....

क. पारिवारिक विवरण

परिवार सदस्यहरुको नाम	उमेर	लिङ्ग	नाता

ख. घर तथा भौतिक संरचना सम्बन्धी विवरण

बीमितको

नाम थरः ... ... ठेगानाः ... ... सम्पर्क नम्बरः ... ...

बीमा गर्नु पर्ने सम्पत्ति रहेको स्थानको विवरण

प्रदेशः..... जिल्ला..... गाँउ पालिका/नगर पालिकाः..... वडा नं.....

टोलः..... घर नं.:..... कित्ता नं.....

सम्बन्धित क्षेत्रको चार किल्ला विवरण : (नक्सा / GPS भएमा प्रस्तावना संगै उपलब्ध गराईदिनुहोला)

पूर्व तर्फ ..... पश्चिम तर्फ .....   उत्तर तर्फ ..... दक्षिण तर्फ .....
घरको प्रकारः कच्ची/पक्कीः .....घर परिसरमा रहेका भौतिक संरचनाको विवरण.....   घर सम्बन्धी अन्य विवरणः ..... अनुमानित मुल्य.....
ग. **पशुधन सम्बन्धी विवरण**
पशुधनको प्रकार ..... पशुधनको संख्या.....   पशुधन पालन गरिएको स्थानको ठेगाना विवरण: प्रदेश..... जिल्ला..... पालिका..... वडा नं..... टोलः.....

घ. कृषि बाली सम्बन्धी विवरण	
कृषि बाली लगाईएको स्थानको पूर्ण विवरण तथा ठेगानाः प्रदेश..... जिल्ला..... पालिका..... वडा नं..... टोलः..... कित्ता नं..... चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा), जग्गा भाडामा लिएको भए जग्गाधनीसँगको सम्झौता पत्र	बीमा गर्ने समयमा लगाएको कृषिबालीको विवरण (बालीको नाम तथा क्षेत्रफल)..... बीमा अवधिमा बीमितले थप लगाउने सम्भावित कृषि बालीको विस्तृत विवरण .....

प्रस्तावकको (बीमित र प्रस्तावक फरक भएमा)   नाम थरः ..... ठेगानाः ..... सम्पर्क नम्बरः .....
प्रस्ताव मितिः .....
बीमाङ्क रकम   अंकमाः.....(क)   अक्षरमाः.....   बीमाशुल्कः .....(ख)

भ्याट शुल्कः ... ...(ग)	(ख) + (ग) = ...(घ)
प्रत्यक्ष छुट (यदि अभिकर्ता प्रयोग नगरी बीमा गरिएको भएमा)	(घ) x २.५ % = ... (ङ)
छुट पश्चातको बीमाशुल्कः	(घ) - (ङ) = ... (च)

मितिः .....

जाच्नेः .....
(बीमकको आधिकारिक हस्ताक्षर)
नाम/ पद.....

अनुसुची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

वन्यजन्तुको नाम

क्र.सं.	वन्यजन्तुको नाम
१	हात्ती
२.	गैंडा
३.	बाघ
४.	भालु
५.	चितुवा प्रजाती
६.	स्याल,
७.	मृग प्रजाती
८.	व्वाँसो
९.	जङ्गली कुकुर
१०.	जङ्गली बँदेल
११.	अर्ना
१२.	गोही
१३.	गौरीगाई
१४.	अजिङ्गर
१५.	नीलगाई
१६.	बाँदर
१७.	दुम्सी,
१८.	कृष्णसार

अनुसुची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

प्रस्ताव फाराम (ग्राहक पहिचान विवरण सहित)

बीमितको पहिचान विवरण :

व्यक्तिगत/ संस्थागत बीमितको हकमा :

देहाय बमोजिमको विवरण भर्नुहोस् ।

क. मुल बीमितको नाम:..... ख. जन्म मिति (ई.सं./वि.सं.).....

ग. राष्ट्रिय परिचयपत्र नं. ..... घ. नागरिकता नं. .....

ङ. नागरिकता जारी भएको जिल्ला.....च. नागरिकता जारी मिति .....

छ. स्थायी ठेगाना: प्रदेश ..... जिल्ला ..... पालिका ..... वडा नं..... घर नं ..... टोल.....

ज. अस्थायी ठेगाना: प्रदेश ..... जिल्ला ..... पालिका ..... वडा नं..... घर नं ..... टोल.....

झ. सम्पर्क/मोवाईल नं. ..... ञ. ईमेल .....

ट. वैवाहिक अवस्था: विवाहित/अविवाहित/अन्य ..... ठ. लिङ्ग .....

ड. पेशा: ..... ढ. कारोबार (भएमा) .....

ण. दर्ता भएको निकायको नाम: .....

त. दर्ता नं. ..... थ. स्थायी लेखा नं. .....

क. पारिवारिक विवरण

परिवार सदस्यहरुको नाम	उमेर	लिङ्ग	नाता

बीमा प्रस्तावक फरक भएमा (थप भर्नुपर्ने)

१. नाम : ..... २. सम्पर्क नं. : .....

३. दर्ता भएको निकायको नाम : ..... ४. सम्बन्धित निकायको दर्ता नं. : .....

५. ठेगाना : प्रदेश ..... जिल्ला ..... पालिका ..... बडा नं. ..... टोल .....

६. ईमेल: ..... , संस्थाको प्यान ..... कारोवार/पेशा .....

ख. घर तथा भौतिक संरचना सम्बन्धी विवरण

बीमा गर्नु पर्ने सम्पत्ति रहेको स्थानको विवरण प्रदेशः.....	वडा नं..... टोलः.....

जिल्ला..... गाँउ पालिका/नगर पालिकाः.....	घर नं.:..... कित्ता नं.....
क) सम्बन्धित क्षेत्रको चार किल्ला विवरण : (नक्सा / GPS भएमा प्रस्तावना संगै उपलब्ध गराईदिनुहोला)	
पूर्व तर्फ ..... उत्तर तर्फ	पश्चिम तर्फ ..... दक्षिण तर्फ .....
घरको प्रकारः कच्ची/पक्कीः ... ...घर परिसरमा रहेका भौतिक संरचनाको विवरण..... घर सम्बन्धी अन्य विवरणः ... ... अनुमानित मुल्य.....	
ग. पशुधन सम्बन्धी विवरण	
पशुधनको प्रकार	पशुधनको संख्या..... पशुधन पालन गरिएको स्थानको ठेगाना विवरण: प्रदेश..... जिल्ला..... पालिका..... वडा नं..... टोलः.....
घ. कृषि बाली सम्बन्धी विवरण	
कृषि बाली लगाईएको स्थानको पूर्ण विवरण तथा ठेगानाः प्रदेश..... जिल्ला..... पालिका..... वडा नं..... टोलः..... कित्ता नं..... चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. (ऐलानी जग्गाको हकमा), जग्गा भाडामा लिएको भए जग्गाधनीसँगको सम्झौता पत्र	बीमा गर्ने समयमा लगाएको कृषिबालीको विवरण (बालीको नाम तथा क्षेत्रफल)..... बीमा अवधिमा बीमितले थप लगाउने सम्भावित कृषि बालीको विस्तृत विवरण .....

७.बीमाको अवधि:

बीमालेख जारी (जोखिम प्रारम्भ) मिति र समय :....., बीमालेख समाप्त मिति:.....

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

उद्घोषण:

म/ हामी.....यस प्रस्तावद्वारा घोषणा गर्दछौं की यस प्रस्ताव फाराममा उल्लेख गरिएका तथ्य, विवरण, सूचना तथा जानकारी लुकाए छिपाएको छैन। कुनै तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू लुकाए छिपाएको प्रमाणित भएमा बीमालेख रद्द हुनेछ भन्ने कुरामा म/हामी स्वीकार गर्दछु/ गर्दछौं ।

बीमित/प्रस्तावकको औठाछाँप

आधिकारिक हस्ताक्षर

हस्ताक्षर/छापः ... ... ……..

नाम :.....

पद: .....

मिति.....

बीमित/प्रस्तावकको

नोट: बीमितले सत्य तथ्य विवरण उल्लेख गरी पूरा प्रस्ताव फाराम भर्नु पर्नेछ र कुनै तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू लुकाए छिपाएको प्रमाणित भएमा बीमालेख रद्द हुनेछ।